कञ्जूस त्यो हो जसको अगाडि मेरो नाम लिइन्छ तर उसले ममाथि दया (दरुद) पठाउदैन।

हुसैन बिन अली बिन अबू तालिब (रजियल्लाहु अन्हुमा) को वर्णन छ, उहाँ भन्नु हुन्छ : अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयो: "कञ्जूस त्यो हो जसको अगाडि मेरो नाम लिइन्छ तर उसले ममाथि दया (दरुद) पठाउदैन।" [رواه الترمذي والنسائي في الكبرى وأحمد] [सही[

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो नाम, उपनाम वा विशेषता सुनेको बेला उनमाथि दरुद नपढ्नुको बारेमा चेतावनी दिनुभयो, र भन्नुभयो: "सबभन्दा कन्जूस व्यक्ति त्यो हो जसको अगाडि मेरो नाम आउँछ र उसले दरूद पढ्दैन।" यसका कैयौँ कारणहरू छन्: १- उसले कुनै पनि नोक्सान नभएको कुरामा खर्च गर्दा कन्जुस्याइँ देखायो। यसको लागि कुनै पैसा वा प्रयासको आवश्यकता पर्दैन। २- उसले आफूलाई अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) माथि दरूद पढ्ने विशिष्टताबाट वञ्चित राख्यो; उसले यस सम्बन्धमा प्राप्त आदेशको पालना गर्न र इनाम प्राप्त गर्न पूरा गर्नुपर्ने कर्तव्यमा कन्जुस्याइँ देखायो। ३- नबी (सल्लल्लाहु अलैहि व सल्लम) माथि दरूद पढ्नु उहाँका हामी माथि भएका हकहरू पुरा गर्ने विभिन्न तरिकाहरू मध्ये एक हो; किनकि उहाँले हामीलाई तालिम दिनु भएको छ, हाम्रो मार्ग दर्शन गर्नु भयो, उहाँले नै हामीलाई अल्लाहतर्फ बोलाउनु भयो, उहाँले नै हामीहरूतर्फ यो वही (प्रकाशना) लिएर आउनु भयो र यो शरीअत पनि । अल्लाह तआला पछि उहाँ नै हामीहरूको मार्गदर्शनका माध्यम हुनु हुन्छ । तसर्थ उहाँ माथि दरूद न पढ्ने वाला स्वयम् आफ्ना लागि र आफ्नो नबी (सल्लल्लाहु अलैहि व सल्लम) को एउटा सानो हक पुरा गर्नमा पनि कन्जुस्याइँ गर्ने वाला हो ।

http://www.sunnah.global/hadeeth/ne/show/5403